नेपाल सरकार
स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय

# खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग

बबरमहल, काठमाडौं

## निरीक्षण अनुगमन सम्बन्धी विवरण

प्रस्तुत विषयमा यस विभागमा "खाने कुराको गुणस्तर सन्तोषजनक नरहेको, सरसफाईमा पर्याप्त ध्यान नदिइएको" भनि प्राप्त गुनासो व्यवस्थापनको लागि आकस्मिक (-यापिड रेस्पोनस् मोडालिटिमा) बजार अनुगमन निरीक्षण गर्ने क्रममा गुनासोमा उल्लेख गरे अनुसारको खाद्य व्यवसायको मिति २०८३।०३।२४ मा अनुगमन निरीक्षण गरी खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम तपसिलमा उल्लेख भए अनुसारको कारवाही गरिएको व्यहोरा अनुरोध छ।

| सि.नं. | व्यवसाय/खाद्य पदार्थको विवरण | उजुरीको विवरण | अनुगमन गर्दाको अवस्था/ कैफियत | **निर्देशन / कारवाही** |
|---|---|---|---|---|
| १. | सुप्रिम रेस्टुरेन्ट एन्ड मः मः हाउस (भक्तपुर क्यान्सर अस्पताल) | | • सरसफाई सन्तोषजनक नरहेको<br>• भान्सामा टाइल्स टुटेफुटेको, भित्ताको रंगहरु उप्केको र पकाउने स्थानमा कालो धुँवा जस्तो वस्तु जमेको पाईयो<br>• तेलको TPM value २० भई मापदण्ड अनुकूल पाईयो<br>• Pest control को अवस्था सन्तोषजनक नरहेको<br>• कच्चा पदार्थहरुको भण्डारण अव्यवस्थित रहेको<br>• फोहरदानी खुल्ला रहेको<br>• व्यक्तिगत सरसफाई सामान्य रहेको।<br>• भाडा माइने स्थान व्यवस्थित नरहेको। | • सरसफाईमा विशेष ध्यान दिने<br>• भान्सा तथा भाडा माइने स्थानको संरचना व्यवस्थित गरी आवश्यक सुधार गर्ने<br>• एउटै तेल तार्न तथा पकाउन पटक पटक प्रयोग नगर्ने<br>• Pest Control व्यवस्थित गर्ने<br>• कच्चा पदार्थहरुको भण्डारण व्यवस्थित गर्ने<br>• क्यान्टिनको संरचना तथा माथि उल्लेख गरिएका कैफियत सुधार गरी प्रमाण सहित सात (७) दिन भित्र विभागमा उपस्थित हुने। |

Sharma

डा. बाल कुमारी शर्मा
वरिष्ठ खाद्य अनुसन्धान अधिकृत
२०८३/०३/२६

# अनुगमनका केहि झलकहरु








